मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
☎ ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८२/०८३
चलानी नं. :- ५३

मिति : २०८२।०४।१२

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित**

**श्री जो जससँग सम्बन्धित छ।**

**रामेछाप** जिल्ला **मन्थली** नगरपालिका अन्तर्गत श्री **जगदम्बा आधारभूत विद्यालय** मन्थली-८ मा रिक्त रहेको **प्राथमिक तह** शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न १८ मिति २०८२।०४।०९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना rajkstha446@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, रामेछाप
श्री **जगदम्बा आधारभूत विद्यालय** , मन्थली – ८ , रामेछाप

२०८२।०४।१२
बिष्णु बहादुर अधिकारी
विद्यालय निरीक्षक